


वर्ष ५० | अङ्क ८ | वैशाख २०८३ | अप्रिल-मे २०२६

# 'ग्लोबल मनी विक, २०२६' सम्पन्न




'Smart Money Talks' भन्ने नाराका साथ मुलुकभर 'ग्लोबल मनी विक, २०२६' मनाइएको छ । नेपाल राष्ट्र बैंकको संयोजनमा २०८२ चैत २-८ (१६-२२ मार्च, २०२६) मा विभिन्न वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी ग्लोबल मनी विक मनाइएको हो ।

हरेक वर्ष मार्च महिनामा साताव्यापी रूपमा मनाइने ग्लोबल मनी विकको यो चौधौँ शृङ्खला हो । राष्ट्र बैंकको अगुवाइमा बैंक तथा वित्तीय संस्था, वित्तीय क्षेत्रका अन्य नियामक निकाय तथा संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन् ।

उक्त अभियानको पहिलो दिन नेपाल राष्ट्र बैंकले नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड र सहकारी विभागसँगको सहकार्यमा ग्लोबल मनी विकको उद्घाटन कार्यक्रम (National Launch Event) आयोजना गऱ्यो । उक्त कार्यक्रममा काठमाडौंस्थित विभिन्न विद्यालयका कक्षा ७ देखि ९ सम्म अध्ययनरत करिब ६०० विद्यार्थीको सहभागिता थियो ।

कार्यक्रम उद्घाटनका अवसरमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले पैसा आर्जन, बचत र सदुपयोगका विषयमा विद्यार्थीले परिवारका सदस्यलाई शिक्षित तुल्याउनुपर्ने धारणा राख्नुभयो । पैसा जुनसुकै पेसामा आबद्ध व्यक्तिका लागि समान रूपमा महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँले यसको उचित व्यवस्थापन र सदुपयोगतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै गभर्नरको कार्यालयका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले पैसाको उचित र आदर्शतम व्यवस्थापनबारे विद्यार्थीलाई विद्यालयस्तरदेखि नै शिक्षित तुल्याउने उद्देश्यका साथ उक्त कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । वित्तीय साक्षरता र वित्तीय समावेशिता अभिवृद्धिमा यस्ता कार्यक्रमले सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा राष्ट्र बैंकका कार्यकारी निर्देशक, निर्देशक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभागका उच्च अधिकारी र बैंकरहरूको उपस्थिति थियो । कार्यक्रमको दोस्रो सत्रमा राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा प्राधिकरण, सहकारी विभाग, बैंकर्स एसोसिएनका पदाधिकारी र विद्यार्थीहरूको सहभागितामा प्यानल छलफल भएको थियो । सो अवसरमा राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल, धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी, सहकारी विभागका उप-रजिष्ट्रार शशीकुमार लम्साल र





नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले आ-आफ्ना निकायका कार्य क्षेत्र र कामकारबाहीसँग सम्बन्धित विषयमा विद्यार्थीलाई जानकारी दिनुभयो । सो अवसरमा उहाँहरूले विद्यार्थीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका का.मु. निर्देशक शिखा अधिकारी रेग्मीले प्यानल छलफलको सहजीकरण गर्नुभएको थियो । सो अवसरमा सहभागी विद्यार्थीहरूबीच वित्तीय साक्षरतासम्बन्धी हाजिरीजवाफ प्रतियोगितासमेत सञ्चालन गरिएको थियो । महाशाखाका सहायक निर्देशक मेरिना नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै सिलसिलामा महाशाखाले काठमाडौं उपत्यकाका विभिन्न स्कुल र कलेजका विद्यार्थीलाई लक्षित गर्दै वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गऱ्यो । यस क्रममा चैत ३ गते मेरिडियन इन्टरनेसनल स्कुलका कक्षा ७ मा अध्ययनरत विद्यार्थीलाई नेपाल राष्ट्र बैंक, थापाथली कार्यालयको अवलोकन गराई बैंकिङ र मुद्रा व्यवस्थापन विभागबाट सम्पादन हुने कामकारबाहीबारे जानकारी दिइएको थियो । सोही दिन प्रितीमा इङ्गलिस सेकेण्डरी स्कुलका कक्षा ७ मा अध्ययनरत विद्यार्थीलाई टक्सार महाशाखाको अवलोकन गराई त्यहाँबाट सम्पादन हुने कामकारबाहीबारे जानकारी दिइएको थियो ।

यसै गरी, महाशाखाले चैत ५ गते काठमाडौंमा नर्भिक कलेज अफ हेल्थ साइन्सेस एण्ड टेक्नोलोजीजमा अध्ययनरत ६० जना र नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा मेडिकल डाक्टर अध्ययनरत करिब १०० जना विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो भने चैत ६ गते कान्तिपुर इन्टरनेसनल कलेजमा होटेल म्यानेजमेन्ट विषयमा अध्ययनरत करिब ६० जना विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएको थियो ।

चैत ८ गते महाशाखाले गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा चितवनमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो । चितवनको टाँडीस्थित नेपाल नमूना माविमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सोही दिन काभ्रेको पनौतीस्थित तेजगङ्गा मल्टिपल क्याम्पसमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गरियो ।

साथै, अन्य नियामक निकायबाट पनि विभिन्न प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम आयोजना भएको थियो । नेपाल धितोपत्र बोर्डले काठमाडौंमा वित्तीय चेतनामूलक ऱ्याली आयोजना गऱ्यो । यसै क्रममा नेसनल बैंकिङ इन्स्टिच्युट, नेपाल बीमा प्राधिकरण, नेपाल बैंकर्स एसोसियसन, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपाल, नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघले पनि प्रदेशस्तरमा साताव्यापी वित्तीय साक्षरता कार्यक्रमहरू आयोजना गरेका थिए ।

'ग्लोबल मनी विक' मूलत: किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेन्ट (ओईसीडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ । राष्ट्र बैंकको राष्ट्रिय संयोजनमा सन् २०१३ देखि नेपालमा ग्लोबल मनी विक मनाउँदै आइएको छ । ग्लोबल मनी विकको स्थायी नारा 'Learn. Save.Earn.' तय गरिएको छ ।

## प्रदेशस्थित कार्यालयद्वारा विभिन्न कार्यक्रम आयोजना

'ग्लोबल मनी विक, २०२४' को अवसरमा बैंकको प्रदेशस्थित कार्यालयको आयोजनामा विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सम्पन्न भएका छन् ।

यसै अवसरमा विराटनगर कार्यालयले चैत २ गते यातायात व्यवसायीको सहभागितामा वित्तीय सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गऱ्यो । कार्यक्रममा ५० जना यातायात व्यवसायीको सहभागिता थियो ।

कार्यालयले चैत ५ गते विराटनगरस्थित मिल्स माध्यमिक विद्यालयका विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक ऋषि रन्जन कर्ण र प्रधान सहायक नवदिप साहले बचत, कर्जा, लगानी, बीमा, विप्रेषण, डिजिटल बैंकिङ लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा कार्यालयका का.मु. निर्देशक दिलबहादुर सुब्बा आङ्देम्बेले ग्लोबल मनी विकको सान्दर्भिकताबारे चर्चा गर्दै वित्तीय ज्ञानको महत्त्वबारे जानकारी दिनुभयो ।

यसै गरी, कार्यालयले चैत ८ गते विराटनगरस्थित पोखरिया माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीको सहभागितामा वित्तीय साक्षरता अभिवृद्धि कक्षा सञ्चालन गऱ्यो । कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा निर्देशक शैलेन्द्र रेग्मीले विद्यार्थीलाई नेपाल राष्ट्र बैंकको सङ्क्षिप्त परिचय र कामबारबाहीबारे जानकारी दिँदै आफूले सिकेका वित्तीय साक्षरतासम्बन्धी ज्ञान अभिभावक, छिमेकी र साथीसङ्गीमाझ बाँड्न अनुरोध गर्नुभएको थियो ।

ग्लोबल मनी विककै अवसरमा जनकपुर कार्यालयले धनुषा जिल्लाका विभिन्न विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । कार्यालयले धनुषाका आठ वटा विद्यालयका १,२०० भन्दा बढी विद्यार्थीको सहभागितामा उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विद्यार्थीलाई बैंकिङ प्रणालीको परिचय, बचत र कर्जाको अवधारणा, बचतको आवश्यकता र महत्त्व, डिजिटल बैंकिङ लगायतका विषयमा जानकारी दिइएको थियो ।



यसै अवसरमा कार्यालयले निबन्ध लेखन र हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्‍यो। प्रतियोगितामा आठ वटा विद्यालयका ३२ जना विद्यार्थीको सहभागिता थियो। निबन्ध प्रतियोगितातर्फ एजुकेसन प्वाइन्ट स्कुल प्रथम, डेफोडिल्स पब्लिक स्कुल दोस्रो र सङ्कट मोचन देवशरण रामरत्ती माविले तेस्रो स्थान हासिल गरे भने हाजिरीजवाफतर्फ डेफोडिल्स पब्लिक स्कुल, गोगलप्रसाद नमूना मावि र एमआईटी बोर्डिङ स्कुल क्रमशः प्रथम, दोस्रो र तेस्रो स्थानमा रहे।




कार्यक्रममा कार्यालयका का.मु. निर्देशक पुनिता मण्डलले समापन मन्तव्य राख्दै विद्यार्थीहरूमा वित्तीय सचेतना अभिवृद्धिका निम्ति यस्ता कार्यक्रम महत्त्वपूर्ण हुने धारणा राख्नुभयो। उप-निर्देशक स्नेहा अग्रवालले कार्यक्रमको संयोजन गर्नुभएको थियो।

यसै गरी, पोखरा कार्यालयले विविध कार्यक्रमको आयोजना गरी 'ग्लोबल मनी विक, २०२६' मनाएको छ। यसै क्रममा कार्यालयले चैत २ गते पोखरा बैंकर्स एसोसिएसन गण्डकी च्याप्टर, विकास बैंक, फाइनान्स कम्पनी, लघुवित्त वित्तीय संस्था, नेपाल बीमा प्राधिकरण, स्टक ब्रोकरका प्रतिनिधिको सहजीकरणमा पोखरास्थित विभिन्न शिक्षण संस्थाका कक्षा ११-१२ र स्नातक तहमा अध्ययनरत विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

कार्यालयले चैत ४ गते पोखरास्थित विभिन्न विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई कार्यालयको अवलोकन गराई वित्तीय सेवाका आधारभूत अवधारणा र राष्ट्र बैंकका कामकारबाहीबारे जानकारी दिइएको थियो। यसै गरी, चैत ७ गते विभिन्न विद्यालयका कक्षा ११ र १२ का विद्यार्थीको सहभागितामा 'Smart Money Talks' शीर्षकमा निबन्ध लेखन प्रतियोगिता सञ्चालन गरिएको थियो।

यसै गरी, नेपालगञ्ज कार्यालयले स्थानीय विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो। यस क्रममा कार्यालयले चैत २ गते नेपालगञ्जको राझाँस्थित आदर्श मावि र चैत ५ गते डुडुवास्थित ज्ञानदीप माविमा वित्तीय चेतना अभिवृद्धि आयोजना गर्‍यो। कार्यक्रममा कार्यालयका उप-निर्देशक लवली श्रीवास्तव र सहायक निर्देशक मामराज पथिकले बैंकिङ प्रणालीको परिचय, बचत र कर्जाको जानकारी, सफा नोट नीति, नोटको सुरक्षण विशेषता, डिजिटल भुक्तानी, सुरक्षित कारोबार लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो। दुवै कार्यक्रम कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको अध्यक्षतामा सम्पन्न भएको थियो।




सुर्खेत कार्यालयले वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरी ग्लोबल मनी विक मनाएको छ। यसै अवसरमा कार्यालयले चैत ५ गते वीरेन्द्रस्थित कृष्ण संस्कृत तथा साधारण मावि, भैरव मावि, एसओएस हर्मन माईनर स्कुल र साउथ एसियन स्कलर्स एकेडेमीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो। विद्यालयका शिक्षक र विद्यार्थीको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा कार्यक्रममा कार्यालयका सहायक निर्देशक सागर मालाकार र नेपाल बैंकर्स संघ, कर्णाली प्रदेश कमिटीका सह-संयोजक दिपक जोशीले वित्तीय साक्षरतासम्बन्धी छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। ■






# किरण पण्डित डेपुटी गभर्नरमा नियुक्त

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डित बैंकको डेपुटी गभर्नरमा नियुक्त हुनुभएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्)को २०८२ चैत २४ गतेको निर्णयअनुसार उहाँ डेपुटी गभर्नरमा नियुक्त हुनुभएको हो। सोही दिन आयोजित सङ्क्षिप्त कार्यक्रमका बीच पण्डितले गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिई पद बहाली गर्नुभयो।

शपथ ग्रहण समारोहमा गभर्नर पौडेलले डेपुटी गभर्नर पण्डितलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो।



डेपुटी गभर्नर पण्डितले २०६२ माघ २ गते सहायक निर्देशकको रूपमा बैंक सेवा प्रवेश गर्नुभएको थियो। उहाँ २०६८ सालमा उप-निर्देशक, २०७४ सालमा निर्देशक हुँदै २०८१ फागुन १ गते कार्यकारी निर्देशकमा पदोन्नति हुनुभएको थियो। कार्यकारी निर्देशक रहँदा उहाँले भुक्तानी प्रणाली विभाग र विदेशी विनिमय व्यवस्थापन विभागको नेतृत्वसँगै बैंकको प्रवक्ताको समेत जिम्मेवारी सम्हाल्नुभएको थियो।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ। ■

# रसुवाको धुन्चेमा 'ऋणीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम'




वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले चैत १० गते रसुवाको धुन्चेमा 'ऋणीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गऱ्यो।

बैंक तथा वित्तीय संस्थाका ऋणीसँग प्रत्यक्ष संवाद गरी कर्जा प्राप्ति र सदुपयोगको अवस्था, ऋणीका गुनासो र समस्याबारे जानकारी लिने उद्देश्यका साथ महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा आयोजित कार्यक्रममा कर्जा लिई व्यवसाय सञ्चालन गरिरहेका ऋणी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा गभर्नर पौडेलले नीतिगत व्यवस्था परिमार्जनमार्फत कर्जा प्रक्रियाको सहजीकरण र ऋणीका समस्याको समाधानका लागि राष्ट्र बैंक तयार रहेको धारणा राख्नुभयो। स्थानीय उत्पादन अभिवृद्धिमार्फत आयात प्रतिस्थापन र निर्यातलाई प्रोत्साहन गर्न उहाँले सहभागीलाई आग्रह गर्नुभयो।

कार्यक्रममा महाशाखाका उप-निर्देशक शिव रेग्मीले कर्जाको लागत, कर्जाका प्रकार, कर्जा लिनुका उद्देश्य, ब्याजदर, सेवा शुल्क, हर्जाना, कर्जा भुक्तानी प्रक्रिया, ऋणीको दायित्व र अधिकारलगायत कर्जा प्रक्रियासँग सम्बन्धित विविध पक्षबारे सहभागीलाई जानकारी दिनुभयो। कार्यक्रमको दोस्रो सत्रमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र ऋणीबीच अन्तरक्रिया भएको थियो।

सो अवसरमा महाशाखाका प्रमुख शिखा अधिकारी रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक देवेन्द्र निरौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# मोरङ र सुनसरीमा जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम

विराटनगर कार्यालयले फागुन ४ गते मोरङको रङ्गेलीमा जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा रङ्गेली नगरपालिकाका कार्यवाहक प्रमुख भुमा पराजुली, प्रमुख प्रशासकीय अधिकृत प्रदीप साहसहित अन्य सरकारी निकाय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका प्रतिनिधि, उद्योगी व्यवसायी, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

कार्यक्रममा गभर्नर पौडेलले जाली नोट पहिचानसम्बन्धी ज्ञानले सर्वसाधारणलाई सम्भावित ठगीबाट बच्न सहयोग पुग्ने धारणा राख्नुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले जाली नोट पहिचानका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक देवकान्त मण्डलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, विराटनगर कार्यालयले फागुन ११ गते सुनसरीको इनरुवामा जाली नोट पहिचानसम्बन्धी सचेतना कार्यक्रम आयोजना




गऱ्यो । कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरी, सरकारी निकाय, सहकारी संस्थाका प्रतिनिधि, व्यवसायी, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक रेग्मीले जाली नोट पहिचानका निम्ति सरोकारवाला पक्षहरू चनाखो हुनुपर्ने धारणा राख्नुभयो । कार्यालयका प्रधान सहायक सुरेश रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तरक्रिया

आन्तरिक लेखापरीक्षण विभागले चैत २८ गते काठमाडौंमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका समस्या, चुनौती र अन्तर्राष्ट्रिय असल अभ्यासका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. शङ्करप्रसाद आचार्यको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमको पहिलो सत्रमा सहायक निर्देशकहरू क्रमशः उदयराज पौडेल, कुशल ढकाल र माधवप्रसाद खनालले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमा देखिएका समस्या, चुनौती र अन्तर्राष्ट्रिय असल अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । दोस्रो सत्रमा सहायक निर्देशक प्रभाकर झाले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोगबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा लेखापरीक्षण समितिका संयोजक आचार्यले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको दक्षता र प्रभावकारिता बढाउन विभागका कर्मचारीको क्षमता विकासमा जोड दिनुपर्ने आवश्यकता



औंल्याउनुभयो । समितिका सदस्य रामुप्रसाद डोटेलले लेखापरीक्षण प्रतिवेदनमार्फत संस्थागत सुशासनको प्रवर्द्धन र वित्तीय शुद्धताको परीक्षण गर्नुपर्ने धारणा राख्नुभयो । सो अवसरमा कार्यकारी निर्देशकहरू चेतप्रसाद उप्रेती, दीपकराज लामिछाने र मुक्तिनाथ सापकोटाले आन्तरिक लेखापरीक्षणका विविध पक्षमाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा विभागका का.मु. निर्देशक कमलप्रकाश कालाथोकीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक उमा पहराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय क्षेत्र सर्वेक्षणसम्बन्धी गोष्ठी




आर्थिक अनुसन्धान विभागले चैत १६ गते काठमाडौंमा वित्तीय क्षेत्र सर्वेक्षणको तथ्याङ्क रिपोर्टिङ, प्रशोधन र गुणस्तर अभिवृद्धिबारे कार्यशाला गोष्ठी आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरण, बीमा कम्पनी (जीवन, निर्जीवन, लघु र पुनर्बीमा), कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी, नेपाल पूर्वाधार विकास बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरणका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा विभागका सहायक निर्देशक अस्मिता दाहालले वित्तीय क्षेत्र सर्वेक्षणको तथ्याङ्क रिपोर्टिङ, प्रशोधन तथा गुणस्तर अभिवृद्धिबारे प्रस्तुति दिनुभयो । तत्पश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा विभागका का.मु. निर्देशक डा. गुणराज भट्टले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने निर्देशक हिमप्रसाद न्यौपानेले समापन मन्तव्य राख्नुभयो । विभागका सहायक निर्देशक आदित्य पोखरेलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बागलुङमा नोटको सुरक्षण विशेषता र सफा नोट नीतिसम्बन्धी गोष्ठी



मुद्रा व्यवस्थापन विभागले चैत २७ गते बागलुङमा नोटको सुरक्षण विशेषता, जाली नोट पहिचान र सफा नोट नीति सम्बन्धमा गोष्ठी आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक अनुज दाहालको उपस्थितिमा आयोजित कार्यक्रममा बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य, प्रहरी नायव उपरीक्षक वसन्त पाण्डेसँगै सशस्त्र प्रहरी, उद्योग वाणिज्य संघ, बागलुङ नगरपालिका, धौलागिरी बहुमुखी क्याम्पस, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक सुदीप फुयालले नोटका सुरक्षण विशेषता, जाली नोट पहिचानको तरिका र सोसम्बन्धी कसुर र कानुनी व्यवस्था सफा नोट नीतिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आचार्यले नोट राज्यको सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षणका निम्ति सरोकारवाला पक्षहरू जिम्मेवार हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा कार्यकारी निर्देशक दाहालले छलफलमा उठेका जिज्ञासाबारे जवाफ दिँदै जाली नोट पहिचान, सुरक्षण विशेषता र सफा नोट नीतिबारे सचेतना अभिवृद्धि गर्नुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक केशवप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका उप-निर्देशक लेखनाथ दाहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# कोहलपुरमा नोटकोष कारोबार व्यवस्थापनसम्बन्धी अनुशिक्षण



मुद्रा व्यवस्थापन विभागले चैत १५ गते बाँकेको कोहलपुरमा नोटकोष कारोबार व्यवस्थापनसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक अनुज दाहालको उपस्थितिमा आयोजित कार्यक्रममा बैंकको नेपालगञ्ज र धनगढी कार्यालय, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका नोटकोष कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका १३ र नेपाल बैंक लिमिटेडका आठ वटा शाखा कार्यालयका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक रेशमबहादुर बल्छौडीले नोटकोष कारोबार व्यवस्थापनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । त्यस क्रममा नेपाल बैंक लिमिटेड, घोराही शाखाका प्रबन्धक कमल अधिकारीले अनुशिक्षण कार्यक्रमबाट नोटकोष व्यवस्थापनका विविध विषयबारे जानकारी प्राप्त भएको बताउनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक दाहालले छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै नोटकोष कारोबार गर्ने बैंकका शाखा कार्यालयले राष्ट्र बैंकद्वारा तोकिएको जिम्मेवारी र प्रत्यायोजित अधिकारको प्रयोग गरी प्रभावकारी ढङ्गले नोटकोष सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा नेपालगञ्ज कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा लेखा निर्देशिका, २०८० अनुशिक्षण



वित्त व्यवस्थापन विभागले चैत २० गते जनकपुरमा 'नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०८०' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

विभागका कार्यकारी निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा आयोजित कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ४० जना कर्मचारीको सहभागिता थियो । कार्यक्रमको उद्घाटन सत्रमा कार्यकारी निर्देशक भट्टराईले लेखा निर्देशिका संशोधनबारे सुझाव लिन र निर्देशिकामा देखिएका समस्याको समाधानका निम्ति विभागले अनुशिक्षण सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीले लेखासम्बन्धी व्यावहारिक समस्या समाधानका निम्ति निर्देशिका मार्गदर्शक दस्तावेज रहेको उल्लेख गर्दै विभाग/कार्यालयबीचको समन्वयबाट निर्देशिकालाई परिष्कृत गर्न सहयोग पुग्ने धारणा राख्नुभयो ।

कार्यक्रमको व्यावसायिक सत्रमा दुई वटा प्रस्तुति समावेश गरिएको थियो । सहायक निर्देशक विनु लुइँटेलले लेखा निर्देशिकाको भाग १ र २ तथा सहायक निर्देशक अश्लेषा खरेलले भाग ३ र ४ मा उल्लिखित मुख्य व्यवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विभागका का.मु.निर्देशक प्रियंका बस्न्यातले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक विश्वनाथ अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वीरगञ्जमा विप्रेषण कारोबारसम्बन्धी कार्यक्रम



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले चैत २८ गते वीरगञ्जमा विप्रेषण कारोबारका सम्बन्धमा साक्षरात्मक कार्यक्रम आयोजना गऱ्यो ।

अनौपचारिक रूपमा गरिने विप्रेषण कारोबारलाई निरुत्साहित गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको महाशाखाले जनाएको छ । कार्यक्रममा वीरगञ्जस्थित सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, विप्रेषण कारोबार गर्ने सब-एजेन्ट, सहकारी संस्थाका प्रतिनिधि, स्थानीय कलेज/विद्यालयका शिक्षक, विद्यार्थी, सर्वसाधारण लगायतको सहभागिता थियो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक सौनभ श्रेष्ठले अनौपचारिक रूपमा गरिने विप्रेषण कारोबारलाई निरुत्साहित गर्ने र सहायक निर्देशक सुजल ढुङ्गानाले विप्रेषण कारोबार गर्न इच्छुक निकायले इजाजतपत्र लिएर मात्र कारोबार गर्नुपर्ने सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो । दुवै कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. निर्देशक संजीवकुमार झाले अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणबाट मुलुकमा नकारात्मक असर पर्ने उल्लेख गर्दै यसको न्यूनीकरणका निम्ति सरोकारवालाहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा महाशाखाका प्रमुख आर्या जोशीले औपचारिक माध्यममार्फत विप्रेषण कारोबारको प्रवर्द्धन र प्रोत्साहन गर्न तथा अनौपचारिक माध्यमलाई निरुत्साहित गर्न राष्ट्र बैंकबाट भएका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । साथै, अवैध मूल्य स्थानान्तरण सेवा, हुण्डी जस्ता कसुरमा आनुपातिक र निषेधात्मक कारबाहीको आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक सुशील पौडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने महाशाखाका सहायक निर्देशक रविचन्द्र पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले चैत २६ गते शोधनान्तर तथ्याङ्कका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था बाहेकका होटेल, एअरलाइन्स, ट्राभल एजेन्सी र मनिचेञ्जरलगायतका शोधनान्तर तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिको सहभागिता थियो ।




कार्यक्रममा विभागका उप-निर्देशक विष्णुप्रसाद सुवेदीले शोधनान्तर तथ्याङ्क सङ्कलनसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विभागबाट तयार गरिने शोधनान्तर तथ्याङ्कको विवरण, तथ्याङ्कीय शुद्धता, तथ्याङ्क तयारीको क्रममा तथ्याङ्क प्रदायक संघसंस्थासँगको अपेक्षा र सहयोगबारे चर्चा गर्नुभयो । कार्यक्रमको दोस्रो सत्रमा शोधनान्तर तथ्याङ्क तयारीको क्रममा देखिएका समस्या, समाधानका उपाय, आगामी चुनौती र सम्भावनाबारे छलफल भयो । विभागका निर्देशक माधव दंगालले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक खरेलले राष्ट्रिय अर्थतन्त्रमा बाह्य क्षेत्रको भूमिका, शोधनान्तर तथ्याङ्कको महत्त्व, तथ्याङ्कको शुद्धता र परिष्करणमा गैर-बैंकिङ संस्थालगायतका निकायबाट प्राप्त सहयोग र राष्ट्र बैंकबाट भएका प्रयासबारे धारणा राख्नुभयो । विभागका सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विराटनगर र धनगढीमा पूर्व बजेटकालीन अन्तरक्रिया



आर्थिक अनुसन्धान विभागले २०८२ चैत महिनामा विराटनगर र धनगढीमा 'पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम' आयोजना गऱ्यो ।

आर्थिक वर्ष २०८३/८४ को पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन तयार पार्ने सिलसिलामा सरोकारवाला निकायको राय/सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । यसै सिलसिलामा विभागले चैत ६ गते विराटनगरमा उक्त कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कोशी प्रदेशस्थित आर्थिक मामिला तथा योजना मन्त्रालय, मोरङ उद्योग व्यापार संघ, उद्योग सङ्गठन मोरङ, उद्योग वाणिज्य संघ, सरकारी कार्यालयका प्रतिनिधि, प्राध्यापक, अर्थविद्, कृषक, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक डा. गणेशप्रसाद गौतमले अर्थतन्त्रका समष्टिगत परिसूचक र कोशी प्रदेशको आर्थिक सम्भाव्यता र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा विभागका निर्देशक डा. राजनकृष्ण पन्तले सहभागीका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो ।

सो अवसरमा विराटनगर कार्यालयका का.मु. निर्देशक दिलबहादुर सुब्बाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक धनञ्जय पराजुलीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, विभागले चैत १७ गते धनगढीमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सुदुरपश्चिम प्रदेशस्थित आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग वाणिज्य संघ, सरकारी निकायका प्रतिनिधि, स्थानीय व्यावसायिक कृषक, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, प्राध्यापक, अर्थविद् लगायतको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक डा. भागवत आचार्यले स्वागत मन्तव्यसहित अर्थतन्त्रका समष्टिगत परिसूचक र सुदुरपश्चिम प्रदेशको आर्थिक सम्भाव्यता तथा चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसीले सहभागीबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको बताउनुभयो । विभागका सहायक निर्देशक आरती मण्डलले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । उक्त प्रतिवेदन पेस गर्नुपूर्व आर्थिक अनुसन्धान विभागले सबै प्रदेशमा पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै आएको छ । ■



# बिर्तामोडमा सम्पत्ति शुद्धीकरण निवारण र गो-एएमएलसम्बन्धी अनुशिक्षण



वित्तीय जानकारी इकाइले चैत १ गते झापाको बिर्तामोडमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र गो-एएमएल रिपोर्टिङसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कोशी प्रदेशस्थित सहकारी संस्थाका प्रतिनिधिको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा रु.२५ करोडभन्दा बढीको वासलात भएका सहकारी संस्था, प्रदेश सहकारी संघ, जिल्ला विषयगत संघ, कोशी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय लगायतका संस्थाका प्रतिनिधि र कार्यान्वयन अधिकारीको सहभागिता थियो ।

कार्यक्रममा सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेशका रजिष्ट्रार भुपेन्द्र खनालले सहकारी संस्थाले पालना गर्नुपर्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कानुनी र नियामकीय प्रावधान तथा सुपरिवेक्षणका क्रममा देखिएका विषयवस्तुबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, इकाइका प्रधान सहायक विवेश पोखेलले गो-एएमएलमा आबद्धता र रिपोर्टिङ प्रक्रियाबारे दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विराटनगर कार्यालयका का.मु. निर्देशक दिलबहादुर सुब्बाले सम्पत्ति शुद्धीकरण निवारणमा सबै सहकारी संस्था, तिनका सदस्य र कर्मचारीको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो । कार्यक्रममा प्रदेश सहकारी संघ, कोशी प्रदेशका सदस्य, सूर्यकुमार दाहालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्न आफूहरू प्रतिबद्ध रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले छोटो समयमै धेरै सहकारी संस्थाहरू गो-एएमएल प्रणालीमा आबद्ध भएको उल्लेख गर्दै बाँकी संस्थालाई पनि आबद्ध हुन आग्रह गर्नुभयो । कानुनले किटान गरेका संस्था तथा क्षेत्रहरू अनिवार्य रूपमा गो-एएमएल प्रणालीमा आबद्ध भई नियमित रिपोर्टिङ गर्नुपर्ने उहाँको भनाइ थियो ।

सो अवसरमा इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# थोक मूल्य सङ्कलक शिक्षकका लागि अनुशिक्षण



आर्थिक अनुसन्धान विभागले चैत २८ गते काठमाडौंमा थोक मूल्य तथ्याङ्क सङ्कलन गर्ने शिक्षकहरूका लागि अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

थोक मूल्य सूचकाङ्कको अवधारणा, महत्त्व, तयार गर्ने विधि, तथ्याङ्क सङ्कलनमा शिक्षकले ध्यान दिनुपर्ने पक्ष तथा वेब एप्लिकेसनको प्रयोगमा देखिएका समस्या र यसमा ध्यान दिनुपर्ने पक्षबारे जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा थोक मूल्य सूचकाङ्कको २४ वटा बजार केन्द्रमा तथ्याङ्क सङ्कलन गर्ने ४८ जना मूल्य सङ्कलक शिक्षकको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशकद्वय प्रविन पुडासाइनी र सुवास पौडेलले मूल्य तथ्याङ्क सङ्कलनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा मूल्य सङ्कलक शिक्षकका तर्फबाट वेब एप्लिकेसनमा देखिएका समस्या समाधानका निम्ति विभिन्न सुझाव प्रस्तुत गरिएको थियो ।

सो अवसरमा विभागका का.मु. कार्यकारी निर्देशक डा. राजनकृष्ण पन्तले थोक मूल्य सूचकाङ्कको महत्त्वमाथि प्रकाश पार्दै समापन मन्तव्य राख्नुभयो भने उप-निर्देशक अवन्तिका रिमालले स्वागत मन्तव्य राख्नुभएको थियो । ■

# विद्युतीय कारोबारको सुरक्षा र चुनौतीसम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले चैत १७ गते 'विद्युतीय कारोबार: सुरक्षा र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

निर्देशक शैलेन्द्र रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा विराटनगरस्थित बैंक तथा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बीमा प्राधिकरण, राष्ट्रिय बीमा संस्थान, सामाजिक सुरक्षा कोष लगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक कृष्णराम धुँजुले विद्युतीय भुक्तानी कारोबार गर्ने संस्थामा आउन सक्ने चुनौती, समस्या र सुरक्षा उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रमका निर्देशक रेग्मीले समापन मन्तव्य राख्दै विद्युतीय भुक्तानी कारोबारमा ज्ञान/सीप, इमान्दारिता र नैतिकता आवश्यक पर्ने धारणा राख्नुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक खिलबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक सुरेश रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■




# जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रम





मुद्रा व्यवस्थापन विभागले फागुन र चैत महिनामा विभिन्न जिल्लामा जाली नोट पहिचान र त्यस्ता नोटको कारोबार न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।

यसै क्रममा विभागले फागुन ११ गते धादिङको सिरानबजार र नुवाकोटको विदुर एवम् फागुन १२ गते गोरखा बजार र दोलखाको चरिकोटमा उक्त कार्यक्रम आयोजना गर्‍यो । धादिङ र गोरखा बजारमा आयोजित कार्यक्रममा सहायक निर्देशक कुशल श्रेष्ठले वार्ता प्रस्तुत गर्नुभयो । यस्तै, विदुर र चरिकोटमा क्रमशः सहायक निर्देशक डम्बरदत्त




भट्ट र सहायक निर्देशक रुकु पन्थीले वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँहरूले नेपाली नोटमा रहेका सुरक्षण विशेषता, जाली नोट पहिचान र सोसँग सम्बन्धित कसुर तथा कानुनी व्यवस्थाबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रतिनिधि, व्यवसायी, विद्यार्थी र सर्वसाधारण लगायतको सहभागितामा थियो । धादिङ र गोरखामा बजारमा आयोजित कार्यक्रममा उप-निर्देशक रेशमबहादुर बल्छौडी, चरिकोटमा उप-निर्देशक बद्रीनारायण थापा र विदुरमा आयोजित कार्यक्रममा उप-निर्देशक लेखनाथ दाहालले समापन मन्तव्य राख्नुभएको थियो । ■

# वीरगञ्जमा एसआईएससम्बन्धी अनुशिक्षण कार्यक्रम



लघुवित्त संस्था सुपरिवेक्षण विभागले चैत २८ गते वीरगञ्जमा सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमम बागमती, मधेश र कोशी प्रदेशमा केन्द्रीय कार्यालय रहेका २८ वटा लघुवित्त वित्तीय संस्थाका एसआईएस रिपोर्टिङमा संलग्न कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक प्रमेश पोखरेलले सुपरिवेक्षकीय सूचना प्रणालीको व्यावहारिक कार्यान्वयन र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक प्रदीपनारायण सिंहले सुपरीवेक्षकीय सूचना प्रणालीको आवश्यकता र महत्त्वबारे वार्ता प्रस्तुत गर्नुभयो । साथै, उहाँहरूले सहभागीबाट राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

सो अवसरमा विभागका निर्देशक अजित रेग्मीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै एसआईएसमार्फत नियमित रिपोर्टिङ गर्न लघुवित्त संस्थाका प्रतिनिधिलाई आग्रह गर्नुभयो । वीरगञ्ज कार्यालयका निर्देशक सुशील पौडेलले स्वागत मन्तव्य राख्दै एआईएसका विविध पक्षमाथि धारणा राख्नुभयो भने उप-निर्देशक गेदा पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# समसामयिक विषयमा अन्तरक्रिया सम्पन्न



प्रदेशस्थित कार्यालयहरूले २०८२ चैत महिनामा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन् ।

यसै क्रममा नेपालगञ्ज कार्यालयले चैत १० गते स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा निर्देशक पोखेलले अर्थतन्त्रको वर्तमान परिदृष्यको सङ्क्षिप्त झलक प्रस्तुत गर्नुभयो । सहभागीबाट राखिएका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

यसै गरी, जनकपुर कार्यालयले चैत २४ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट जारी भएका परिपत्रहरूको नीतिगत दृष्टिकोणका विषयमा केन्द्रित रहेर सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा उपस्थित प्रतिनिधिका तर्फबाट बैंकिङ क्षेत्रका विद्यमान समस्या र तिनको सम्भावित समाधानका विषयमा आ-आफ्नो धारणा राखिएको थियो ।

कार्यक्रममा निर्देशक सुवेदीले छलफल कार्यक्रमका जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो । कार्यालयका सहायक शिवराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

सुर्खेत कार्यालयले चैत २६ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । वीरेन्द्रनगरस्थित वाणिज्य बैंकका शाखा प्रमुख र नेपाल बैंकर्स एसोसिएसन, कर्णाली च्याप्टरका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा सहभागीहरूबीच वाणिज्य बैंकको निक्षेप सङ्कलन, कर्जा लगानी, निष्क्रिय कर्जाको स्थिति, कर्जा असुली, गैर-बैंकिङ सम्पत्ति, डिजिटल बैंकिङ, नोटकोष व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसन, कर्णाली प्रदेश च्याप्टरका संयोजक दिवाकरदत्त जोशीले मन्तव्य राख्नुभयो ।

सो अवसरमा सुर्खेत कार्यालयका कार्यालय प्रमुख राजनप्रसाद रेग्मीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक बाबुराम बोहोराले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न




विभिन्न विभाग/कार्यालयले २०८२ चैत महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा वित्तीय जानकारी इकाइले चैत १६ गते थापाथलीमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो।

उक्त कार्यक्रममा दुई वटा प्रस्तुतिहरू समावेश गरिएको थियो। पहिलो चरणमा सहायक निर्देशक समीरकुमार सिंह र संजीवकुमार खड्काले अन्तर्राष्ट्रिय तालिममा सिकेका विषयवस्तुबारे जानकारी दिनुभयो। त्यस क्रममा उहाँहरूले एगमन्ट ग्रुपअन्तर्गतका विभिन्न कार्य समूहबाट हुने कामकारबाहीबारे चर्चा गर्नुभयो।

यसै गरी, सहायक निर्देशक शारदा गुरुङले वैकल्पिक भुक्तानी प्रणालीबारे प्रस्तुति दिनुभयो। उक्त प्रस्तुतिमा उहाँले फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ) को सिफारिस-१५ अन्तर्गतका प्रावधान, प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरू, वर्तमान अवस्था, डिजिटल सम्पत्ति लगायतका विषयमा जानकारी दिनुभयो।

विराटनगर कार्यालयले चैत १६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक खिलबहादुर श्रेष्ठले 'Microsoft Word & Excel Formating' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले दुवै एप्लिकेसनलाई व्यवस्थित र अधिकतम रूपमा उपयोग गर्न सकिने विधिबारे जानकारी दिनुभयो।

जनकपुर कार्यालयले चैत २३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। उप-निर्देशक अमिष ढुङ्गेलले 'Current Supervisory Practices' विषयमा प्रस्तुति दिनुभयो। सो अवसरमा उहाँले सुपरिवेक्षणको अवधारणा, उद्देश्य, यसको महत्त्व र औचित्य, सुपरिवेक्षीय विधि, स्थलगत निरीक्षणका प्रक्रिया, कारबाही र सोसँग सम्बन्धित प्रस्तावित निर्णयका विषयमा जानकारी दिनुभयो।

वीरगञ्ज कार्यालयले चैत २५ गते 'Reconciliation of Accounts in Nepal Rastra Bank, Birgunj' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा उप-निर्देशक अभियान उपाध्यायले कार्यालयमा हुने कारोबारको प्रविष्टि र हिसाबमिलानका विविध पक्षबारे चर्चा गर्नुभयो।

यसै गरी, धनगढी कार्यालयले चैत २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा सहायक निर्देशक भोजराज भट्टले 'Nepal Rastra Bank: History, Evolution and Current Challenges' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले





राष्ट्र बैंक स्थापनापूर्वको इतिहास, बैंकको विकासक्रम, हालसम्म अवलम्बन गरिएका मौद्रिक तथा वित्तीय सुधारका कार्यक्रम र बैंकले हाल सामना गरेका चुनौतीबारे चर्चा गर्नुभयो।

भुक्तानी प्रणाली विभागले चैत ३० गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा विभागका सहायक निर्देशक दामोदर बस्यालले 'Applications of LLMs in Central Banking' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा प्रस्तुत विषयको अवधारणा, विश्वव्यापी नवीनतम अभ्यास, केन्द्रीय बैंकमा यसको प्रयोग, राष्ट्र बैंकको अभ्यास, यसका सम्भावना, चुनौती र आगामी कार्यदिशा लगायतका विषयमा चर्चा गरिएको थियो।

आर्थिक अनुसन्धान विभागले चैत महिनामा 'सोमबारे पाक्षिक ज्ञानमाला' को सातौँ र आठौँ शृङ्खला सम्पन्न गरेको छ।

सातौँ शृङ्खलाअन्तर्गत विभागका उप-निर्देशक डा. भागवत आचार्यले 'भावनात्मक बुद्धिमता' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले भावनात्मक बुद्धिमत्ताका आधारभूत पक्षबारे जानकारी दिनुभयो।

यसै गरी, आठौँ शृङ्खलाअन्तर्गत उप-निर्देशक विष्णुप्रसाद सुवेदीले 'Is Data Monetization the Right Entry Point for NRB's Big Data Initiative ?' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले 'बिग डाटा' को अवधारणा, महत्त्व र आवश्यकताबारे प्रकाश पार्दै नेपाल राष्ट्र बैंकमा यसको सान्दर्भिकताबारे चर्चा गर्नुभएको थियो। ■





## Major Financial Indicators

as on Fagun End, 2082 (Mid-Mar, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 114.84 | 10.31 | 2.25 | 127.39 |
| 2 | Total Credit/GDP | 84.71 | 8.82 | 1.71 | 95.23 |
| 3 | Total Credit/ Total Deposit** | 73.76 | 85.54 | 76.05 | 74.76 |
| 4 | CD Ratio* | 73.05 | 85.07 | 76.21 | 74.07 |
| 5 | Fixed Deposit/Total Deposit | 39.87 | 36.18 | 59.69 | 39.92 |
| 6 | Saving Deposit/Total Deposit | 43.44 | 52.24 | 28.91 | 43.90 |
| 7 | Current Deposit/Total Deposit | 7.24 | 2.52 | 1.09 | 6.75 |
| 8 | Call Deposit/Total Deposit | 8.69 | 9.00 | 10.24 | 8.74 |
| 9 | NPL/ Total Loan^ | 5.26 | 5.75 | 11.86 | 5.42 |
| 10 | Total LLP /Total Loan | 5.75 | 5.68 | 11.25 | 5.84 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.20 | 6.06 | 5.94 | 5.29 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.76 | 6.21 | 6.60 | 7.62 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 15.28 | 13.19 | 11.79 | 15.05 |
| 3 | Total Liquid Assets/Total Deposit # | 36.15 | 26.04 | 35.39 | 35.32 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.53 | 10.49 | 10.24 | 9.61 |
| 2 | Total Capital/RWA | 12.56 | 13.45 | 12.91 | 12.64 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,068 | 1,123 | 292 | 6,483 |
| 3 | No. of Deposit Accounts | 53,221,125 | 7,760,777 | 1,078,320 | 62,060,222 |
| 4 | No.of Loan Accounts | 1,696,573 | 267,581 | 75,994 | 2,040,148 |
| 5 | No. of Branchless Banking Centers | 743 | 4 | - | 747 |
| 6 | No. of Branchless Banking Customers | 267,022 | 547 | - | 267,569 |
| 7 | No. of Mobile Banking Customers | 25,250,280 | 3,886,482 | 326,777 | 29,463,539 |
| 8 | No. of Internet Banking Customers | 1,745,370 | 609,092 | 20,128 | 2,374,590 |
| 9 | No. of ATMs | 4,886 | 339 | 37 | 5,262 |
| 10 | No. of Debit Cards | 12,782,738 | 1,340,017 | 82,835 | 14,205,590 |
| 11 | No. of Credit Cards | 326,470 | 4,524 | 538 | 331,532 |
| 12 | No. of Prepaid Cards | 274,017 | 4,573 | - | 278,590 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.45** |
| | (a) Saving | 2.92 |
| | (b) Fixed | 5.11 |
| | (c) Call | 0.73 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **6.90** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million (Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Poush end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ चैत महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले चैत १ देखि १२ गतेसम्म थापाथलीमा ‘Risk Based Internal Audit' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गर्‍यो।

छ वटा सत्रमा सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंकमा आन्तरिक लेखापरीक्षणको अभ्यास, लेखापरीक्षणको मापदण्ड, जोखिममा आधारित लेखापरीक्षणको अभ्यास, लेखापरीक्षणको रणनीति, योजना, कार्यान्वयन र प्रतिवेदन लेखनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३२ जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले चैत २२ देखि २४ गतेसम्म थापाथलीमा ‘Risk Based Oversight/Supervision in Payment System' विषयक तालिम सञ्चालन गर्‍यो। नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नेपालमा भुक्तानी प्रणालीको विकासक्रम, भुक्तानी प्रणालीको ओभरसाइट संयन्त्र, जोखिममा आधारित ओभरसाइट, सम्पत्ति शुद्धीकरण निवारण, साइबर सुरक्षा, भुक्तानी प्रणालीका नवीनतम अभ्यास र उदीयमान चुनौतीका विषयमा प्रशिक्षण दिइएको थियो। ■

# न्यौपाने र सापकोटा कार्यकारी निर्देशकमा बढुवा

नेपाल राष्ट्र बैंकका निर्देशकद्वय हिमप्रसाद न्यौपाने र मुक्तिनाथ सापकोटा कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) मा बढुवा हुनुभएको छ।

बैंक सञ्चालक समितिको २०८२ चैत २६ को निर्णयअनुसार उहाँहरूको बढुवा भएको हो। न्यौपाने र सापकोटा क्रमशः बैंकिङ विभाग र गभर्नरको कार्यालयमा पदस्थापन हुनुभएको छ। न्यौपाने २०५८ साउन २७ गते र सापकोटा २०५३ माघ ३ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछ। ■



हिमप्रसाद न्यौपाने



मुक्तिनाथ सापकोटा

# अवकाश

बैंकिङ विभागका कार्यकारी निर्देशक रोशनकुमार सिग्देलले २०८२ चैत १८ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ।

२०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएका सिग्देलले बैंकिङ विभागसँगै सम्पत्ति तथा सेवा व्यवस्थापन विभागको नेतृत्व सम्हाल्नुभएको थियो। उहाँले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ।

यसै गरी, कानुन महाशाखाका निर्देशक टेकराज भण्डारीले चैत २९ र जनकपुर कार्यालयका कार्यालय सहयोगी (प्रथम) बाबुलाल वाइबा चैत ३० देखि अवकाश हुनुभएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

**ले-आउट**
संजीव दाहाल